YOUR DESTINATION AT BAGLUNG



HOTEL PEACE PALACE
Tiger Chowk -2, Baglung, Nepal
Tel : 068-520380, 520980 | Mob. 9857620151
E-mail- nileshbgl@ntc.net.np
Web : www.hotelpeaceplace.com

बागलुङ र पोखराबाट एकसाथ प्रकाशित राष्ट्रिय दैनिक

# ढोरपाटन

www.dhorpatannews.com

Dhorpatan National Daily

Anjil Shakya
Managing Director



Feel Like Home
HOTEL THE RAJAN
Baglung-3, Baglung| 9857621364

२०८३ साउन ५ गते मंगलबार | वर्ष २३ | अंक ३२५ | नेपाल संवत् ११४६ | 21 July, 2026 Tuesday | पृष्ठ ४ | मूल्य रु. ५

## रेस्क्यु टावर अलपत्र

**विजय नेपाली**
पोखरा, ४ साउन



वि. सं. २०७५ साल भदौमा दर खान हिडेका सात जनाको बेगनासतालमा डुंगा दुर्घटना हुँदा ज्यान गयो । ०७९ असोजमा बेगनास ताल घुम्न जाँदा एक जना बेपत्ता भए भने अर्का एकको उद्धार गरियो ।

पोखराको पर्यटकीय क्षेत्र बेगनासतालमा बेला बेलामा डुंगा दुर्घटना भइरहन्छन् । डुंगा दुर्घटना भए सहज उद्धार होस्, कसैले ज्यान गुमाउन नपरोस् भनी गत वर्ष ताल किनारमा टावर निर्माण भयो ।

फेवातालमा जस्तै सशस्त्र प्रहरी बलको उद्धार टोली रहने गरी करिब ५० लाख लागतमा रेस्क्यु टावर निर्माण भएको हो । तर निर्माण भएको १० महिना बितिसक्दा समेत टावर सञ्चालनमा आएको छैन । स्थानीय नागरिक, भूपू सैनिक, डुंगा व्यवसायी र होटल व्यवसायीको पहलमा सरकारले टावर निर्माण गरे पनि सञ्चालनको सुरसारै छैन । गण्डकी प्रदेश सरकारको लगानीमा बनेको उद्धार टावर सञ्चालनमा नआएपछि नागरिक समाजसले खबरदारी गरेको छ । नागरिक समाजका संस्थापक अध्यक्ष रामबहादुर पौडेल निर्माण सम्पन्न भइसक्दा समेत टावर सञ्चालनमा आउन नसक्नु दुःखद् भएको औंल्याउँछन् । 'प्रदेश सरकारको लगानीमा त्यत्रो टावर ठडियो, त्यो सञ्चालनमा आउनेगरी लगानी गर्ने हो कि यसै छाड्ने हो ?,' उनको प्रश्न छ ।

बेगनासताल डुंगा व्यवसायी समितिका निवर्तमान अध्यक्ष रविराज कँडेलले पर्यटकको सुरक्षा जोडिएको विषयमा समेत संवेदनशील नहुँदा पर्यटकीय राजधानीको सुरक्षामाथि नै प्रश्न उठेको बताए । बेगनासताललाई फेवातालसरह नै राख्दै पर्यटकलाई ताल सुरक्षित छ भन्ने सन्देश दिन आवश्यक रहेको उनी औंल्याउँछन् । 'अहिलेसम्म तालमा दुर्घटना हुँदा हामी आफैं उद्धारमा खटिदैं आएका छौं । कतिपय अवस्थामा हामीले मात्र सक्दैनौं, दक्ष उद्धार टोलीकै आवश्यकता पर्दछ ।' रेस्क्यु टावर सञ्चालनमा आए फेवा जस्तै वेगनासमा समेत पर्यटकको संख्यामा वृद्धि हुने उनको अपेक्षा छ । टावरमा सुरक्षाकर्मी खटिएमा बराह मन्दिर जाने दर्शनार्थीका लागि समेत बिहान बेलुका डुंगा सञ्चालन गर्न सकिने उनी सुनाउँछन् । टावर सञ्चालनमा नआउनुको अर्को कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी पर्नु पनि हो । उक्त टावर सिंचाइँको जग्गामा बनेको र उक्त क्षेत्र सिमसारमा पर्ने भन्दै उजुरी परेपछि समस्या आएको पोखरा महानगरपालिका वडा नम्बर ३१ का वडाध्यक्ष ढकनाथ कँडेलले सुनाए ।

टावर निर्माणको जिम्मा सशस्त्र प्रहरी बलको कालिका गणलाई दिइएको थियो । कास्कीको दोस्रो ठूलो ताल बेगनास व्यावसायिक रुपमा डुंगा सञ्चालन हुने ताल हो । फेवातालमा डुंगा व्यवसाय मौलाए पनि यहाँको व्यवसाय फस्टाउन सकेको छैन ।

## बागलुङ समिति बदर

**ढोरपाटन संवाददाता**
बागलुङ, ४ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वापा)को केन्द्रीय निर्वाचन आयोगले बागलुङ जिल्ला कार्यसमिति बदर गरेको छ । जिल्ला अधिवेशन कार्यविधिमा तोकिएका प्रक्रिया पालना नगरी अधिवेशन भएको ठहर गर्दै सो जिल्ला समिति बदर गरिएको हो ।

अधिवेशन सञ्चालनको प्रक्रियासम्बन्धी प्राप्त उजुरी, उपलब्ध तथ्य, प्रमाण तथा सम्बन्धित पक्षबाट प्राप्त स्पष्टीकरणको परीक्षण र अध्ययन गरी तोकिको प्रक्रिया पालना नगरी अधिवेशन सम्पन्न भएको निष्कर्ष निकालिएको हो । बागलुङ जिल्ला अधिवशेन कार्यविधि अनुरुप पुनः सम्पन्न गर्ने, नयाँ जिल्ला अधिवशेनको मिति, समय, स्थान तथा निर्वाचन समिति गठनसम्बन्धी निर्णय ७ दिनभित्र सार्वजनिक गर्ने निर्णय भएको आयोगका प्रमुख भुवन केसीले जानकारी दिए ।

बागलुङको गलकोटमा भएको जिल्ला अधिवेशनमा घोषणा गरिएको जिल्ला कार्यसमितिको नेतृत्वलाई केन्द्रले मान्यता नदिएको हो । गएको जेठ २३ गते भएको प्रथम जिल्ला अधिवेशनबाट पुनमप्रसाद शर्माको नेतृत्वमा जिल्ला कार्यसमिति घोषणा भएपछि अध्यक्षका आकांक्षी ढालेन्द्र रायमाझी पक्षले विरोध जनाएको थियो ।

## ४ सय पालिकाको कित्ताकाट रोकियो

**पोखरा**/देशभरिका महानगरपालिका, नगरपालिका र गाउँपालिका गरी करिब ४ सय पालिकामा जग्गा कित्ताकाट रोकिएको छ । भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली, २०७९ अनुसार भूमिको समुचित उपयोग र प्रभावकारी व्यवस्थापनका लागि अनिवार्य गर्नुपर्ने वर्गीकरण नगरेका सबै नगरपालिका र गाउँपालिकामा कित्ताकाट रोकिएको हो ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले वर्गीकरण नभएका कुनै पनि पालिकामा साउनदेखि जग्गा कित्ताकाट गर्न नपाइने बताए । अंशबण्डा, अदालतको आदेशले कित्ताकाट गर्नू भनेको अवस्थामा भने कित्ताकाट रोकिँदैन ।

## नायव प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०८३/०४/०५

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडमा रिक्त रहेको नायव प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थाको केन्द्रीय कार्यालय, बागलुङ नगरपालिका वार्ड नं. २, श्रीनगरटोल बागलुङमा खामबन्दी आबेदन दिन वा वित्तीय संस्थाको ईमेल आई. डी. vacancy@dhaulagiribank.com मा कार्यालय समयभित्र आइपुग्ने गरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**पद संख्या : १ (एक)**

**१. न्यूनतम शैक्षिक योग्यता तथा अनुभवः**

(क) नायव कार्यकारी प्रमुखको लागी स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थाको सहायक प्रवन्धक, प्रवन्धक वा सो भन्दा माथिको पदमा रही विभागीय प्रमुखको जिम्मेवारी बहन गरेको, नीति नियम, कार्यविधि निमार्ण सम्बन्धि ज्ञान हासिल गरी कम्तीमा ६ वर्ष कार्यानुभव भएको वा चार्टड एकाउन्टेन्स वा ब्यवस्थापन, बैंकिङ वित्तीय, मौद्रिक अर्थशास्त्र, बाणिज्यशास्त्र, लेखाशास्त्र र गणितशास्त्र, ब्यापार प्रशासन, जनप्रशासन स्नातकोत्तर वा सो सरह उपाधि हासिल गरेको वा कानुन बिषयमा स्नातकको उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा दश वर्षको कार्यानुभव भएको हुनु पर्नेछ ।

**२. अन्य अनुभव तथा योग्यताहरुः**

(क) स्नातकोत्तर तह वा सो सरहको उपाधी हासिल गरि कुनै बैंक तथा वित्तीय संस्थाको सहायक प्रवन्धक, प्रवन्धक, कम्पनी सचिव वा सो भन्दा माथिको व्यवस्थापकीय तहमा विभागीय प्रमुखस्तरको जिम्मेवारी बहन गरी कार्य गरेकालाई प्राथमिकता दिइनेछ ।
(ख) नेपाल राष्ट्र बैकका नियम तथा निर्देशनबारे राम्रो जानकारी र लघुवित्त वित्तीय संस्था सम्बन्धी अनुभव भएको ।
(ग) सूचना प्रविधि प्रयोगमा कार्यदक्षता भएको ।
(घ) उमेरको हद दरखास्त दिने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**३. पेश गर्नुपर्ने कागजात तथा विवरणहरू :**

(क) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको आवेदकले दस्तखत गरेको विस्तृत वैयक्तिक विवरण (Bio–Data) ।
(ख) पासपोर्ट साइजको फोटो दुई प्रति ।
(ग) प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र (विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र समेत) र कार्य अनुभव पुष्ट्याई गर्ने कागजातको प्रतिलिपि ।
(घ) उम्मेदवारले आफ्नो दरखास्तका साथ १५०० शब्दमा नबढ्ने गरी लघुवित्तको वर्तमान अवस्था, सम्भावना, चुनौती र अवको बाटो वा समाधानका उपायहरु समेत समावेश गरी बनाइएको व्यवशायिक कार्ययोजना (Business Plan) को एक प्रति र सो को Soft copy पेश गर्ने ।
(ङ) आवेदन दस्तुर वापत फिर्ता नहुने गरी यस वित्तीय संस्थाको नाममा एन आई सी एशिया बैंकमा रहेको खाता नं. ०७४४१५००१९०४५००२ मा रु ८०० (अक्षरुपी आठ सय) जम्मा गरेको भौचर ।
(च) निम्न लिखित व्यहोराको स्वघोषणा :
(अ) आफ्नो पूर्व कारोबारमा नेपाल राष्ट्र बैङ्कले वा बैङ्कले तथा वित्तीय संस्थाबाट निलम्बन, नगरिएको वा नेपाल राष्ट्र बैंकबाट भएको अनुसन्धानमा शंकाष्पद कारोबारमा संलग्न भनी किटान नगरिएको वा त्यस्तो निलम्बनबाट फुकुवा भएको पाँच वर्ष पुगेको वा त्यस्तो शंकास्पद कारोबारको संलग्नताबाट सफाई पाएको पेश गरेका कागजात तथा विवरणहरु अन्यथा भएमा स्वयम् जिम्मेवार हुनुपर्ने ।
(आ) कुनै राजनीतिक दलको सदस्य नभएको ।
(इ) यस संस्थाको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफै वा आफनो एकाघरपरिवारका कुनै सदस्य संलग्न नरहेको वा संस्थासंग निजी स्वार्थ नभएको ।
(ई) आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको ।
(उ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागु औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको, कुनै अपराधिक क्रियाकलाप विरुद्ध अदालतमा मुद्दा चलेको वा नचलेको ।
(ऊ) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश नभएको र भएको भए त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा भएको ।
(ए) प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर चुक्ता गरे वा नगरेको वा अदालत वा अधिकारप्राप्त अधिकारीको फैसला वा आदेश बमोजिम तिर्नु, बुझाउनु पर्ने राजस्व, सरकारी बाँकी बक्यौता रहे वा नरहेको स्वघोषणा
(ऐ) सम्बन्धित व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमको मापदण्ड पालना गरेको स्वघोषणा
(ओ) नेपाल वा विदेशमा कुनै कसूरमा संलग्न भए वा नभएको स्वघोषणा । यदि संलग्न भएको भए सोको विस्तृत विवरण र वर्तमान अवस्था,

**४. पारिश्रमिक : वित्तीय संस्थाको नियमानुसार हुनेछ।**

**५. छनौट प्रक्रिया र अन्य विवरण :**

(क) आवेदनको खाम बाहिर आवेदकले नाम लेखी "नायव प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन र व्यवशायिक योजना खामबन्दीमा दस्तखत गरी पेश गर्नु पर्नेछ ।
(ख) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको प्रस्ताव र कागजातको मूल्याकंनका आधारमा उम्मेदवारहरुको संक्षिप्त सूची (Short Listing) तयार गरि प्रस्तुतीकरण तथा अन्तरवार्ताको लागि छनौट गरिनेछ ।
(ग) अन्तिम छनौट प्रक्रियामा सहभागि हुने उम्मेदवारले प्रस्तुतीकरण र अन्तरवार्तामा आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका अन्य कागजातहरुको सक्कल प्रति सहित उपस्थित हुनुपर्नेछ । साथै, दरखास्त साथ पेश गरेको व्यवशायिक योजनाको आधारमा प्रस्तुतीकरण (Presentation) गर्नु पर्नेछ ।
(घ) कुनै आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको ठहर भएमा त्यस्तो आवेदन रद्द गरिने छ ।
(ङ) यस सम्बन्धी थप जानकारी पदपुर्ति समिति सचिवालयमा उपस्थित भई वा फोन नं. ०६८-५२०९०५ (Ext.८००२), मोवाईल नं. ९८५७६२६६२७, ९८४४७३६१०७ मा सम्पर्क गरी लिन सकिनेछ ।

कम्पनी दर्ता:– १९२७८३/०७४/०७५
ने.रा.बैंक/इ.प्रा./"घ"/८५/०७५/०७६

**धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED**
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था राष्ट्रियस्तर कार्यक्षेत्र भएको"
केन्द्रिय कार्यालय: बागलुङ नगरपालिका -२, श्रीनगरटोल, बागलुङ
फोन : ०६८-५२०९०५/५२४३५१
www.dhaulagiribank.com, Email: infodesk@dhaulagiribank.com